# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिका द्धारा प्रकाशित

खण्ड १ संख्या २ मिति २०७५/०७/२०

## भाग-२

# इन्द्रसरोवर गाउपालिकाको कार्यक्रम तथा योजना संचालन कार्यावन्यन र फरफारक कार्यविधि २०७५

कार्यापालीकावाट स्वीकृत मितिः २०७५/०७/१६

**प्रस्तावना :-**

इन्द्रसरोवर गाउँपालिको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय निकायलाई प्राप्त हुने सबै प्रकारका अनुदान,

स्थानीय तहको आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन इन्द्रसरोवर गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम इन्द्रसरोवर गाउँपालिकाको मिति **२०७५/०७/१६** गतेको गाउँ कार्यपालिकाको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

(१) यस कार्यविधिको नाम " इन्द्रसरोवर गाउँपालिकाको **कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि २०७५"** रहने छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आर्थिक प्रशासन नियमावली" भन्नाले आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्छ ।

(ख) "आन्तरिक आय" भन्नाले इन्द्रसरोवर गाउँपालिकाको आर्थिक ऐन बमोजिम इन्द्रसरोवर गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत दरमा इन्द्रसरोवर गाउँपालिकाले लगाएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँदछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनुपर्छ ।

(छ) “कार्यविधि” भन्नाले कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि २०७४ लाई सम्झनुपर्छ ।

(ज) “गैरसरकारी संस्था” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र इन्द्रसरोवर गाउपालिकाको गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिका संग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(झ) “ठूला मेशिनरी तथा उपकरण” भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(ञ) “गाउँ सभा” भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा १ वमोजिमको नगर सभालाई सम्झनुपर्छ ।

(ट) “ गाउँपालिका भन्नाले इन्द्रसरोवर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) “वित्तीय सामानिकरण” भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधि भित्र रही इन्द्रसरोवर गाउँपालिको विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम स्थानीय तहको गाउँ सभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ढ) "सशर्त अनुदान" भन्नाले नेपाल सरकारले सर्त तोकिदिएको अनुदानलाई सम्झनु पर्नेछ ,

(ण) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यालय, लगायतकालाई सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवम् सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरू सम्झनु पर्छ ।

(थ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

(द) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(ध) "लैङ्गिक लेखाजोखा (परीक्षण)" भन्नाले महिला र पुरूषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरूषबीच

समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रमर बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

न) "स्रोत" भन्नाले इन्द्रसरोवर गाउँपालिकामा उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, इन्द्रसरोवर गाउँपालिकाको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको हकमा वित्तिय सामान्यिकरण, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र विशेष कोषबाट प्राप्त हुने रकम समेतलाई जनाउँछ ।

प) "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको निर्बाचनबाट निर्बाचित वडाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(फ) "सचिव" भन्नाले ऐनको दफा ८४ बमोजिम स्थानीय तहको सचिव भै कामकाज गर्न नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(ब) "सामाजिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) बमोजिम स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक,सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(भ) "सार्वजनिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(म) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय तहका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(य) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित टोलबिकास संस्थालाई समेत जनाउने छ ।

(र) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक नगर विकास योजना, वार्षिक गाउँ विकास योजना, विषयगत गाउँ गुरूयोजना आदि सम्झनु पर्छ ।

(ल) "स्थानीय तह" भन्नाले इन्द्रसरोवर गाउँपालिकालाई तथा सबै वडा कार्यालयहरुलाई समेत सम्झनुपर्दछ

३. **कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) इन्द्रसरोवर गाउँपालिकाको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख इन्द्रसरोवर गाउँपालिकाको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ङ) गाउँमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

(च) गाउँालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(छ) सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(ज) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(झ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरूको क्षमता बढाउँदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. **कार्यविधिको कार्यक्षेत्र :** इन्द्रसरोवर गाउँपालिकालाई प्राप्त हुने वित्तीय सामान्यिकरण, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, समपुरक कोष र विशेष कोष वा नगरपालिकाको आन्तरिक आय, विकास साझेदार, अन्य निकाय बाट प्राप्त हुन े सबै प्रकारका अनुदान,राजस्व बाडफाँडबाट प्राप्त रकम,वित्तीय संस्थाहरू बाट प्राप्त ऋण लगायतका सबै प्रकारका स्रोतको परिचालन एवम् व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ । तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू यसै कार्यविधि बमोजिम हुनेछ ।

## ४ (क). योजनाको विकास र लागत सहभागिताको स्वरुप

४ (क).१. यस निर्देशिका बमोजिम संचालन हुने पूर्वाधार योजनाहरुको कार्यान्वयन गर्दा श्रममूलक प्रविधि अवलम्बन गर्न प्राथमिकता दिइनेछ ।

४ (क).२. रु. पाँच लाखभन्दा बढीका सडक, सिंचाई, खानेपानी तथा ढल निकास, भवन निर्माण र भू-क्षय नियन्त्रणका योजना संचालनका लागि गाउँपालिकाले ५०/५०, ६०/४० र ७०/३० को लागत सहभागिताका लागि सूचना प्रकाशित गर्नेछ । बढी लागत सहभागिता जुटाउने उपाभोक्ता समितिलाई कामको जिम्मेवारी दिइनेछ, तर उपरोक्त अनुसारको लागत सहभागिता नजुटेमा अन्य माध्यमबाट योजना संचलन गरिनेछ ।

४ (क).३ माथि उल्लेखित प्रतिशत भन्दा बढी हुने गरी कुनै उपभोक्ता समितिले लागत सहभागिताको अंश तय गरेमा सोही बमोजिम नै लागन सहभागिता तोक्न सकिनेछ ।

४ (क).४. श्रममूलक तबरबाट मात्र काम हुन नसक्ने भएमा गाउँपालिकाको पूर्व स्वीकृति र लगत इष्टिमेट स्वीकृत गराई वातावरणमैत्री तबरबाट मेसिनरीको पनि प्रयोग गरी काम गर्न सकिनेछ । तर, श्रममूलक तबरबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गरी मेसिनरीको प्रयोग गरे गराइएको पाइएमा तत्कालै आवश्यक कार्वाही गरी भुक्तानी लिएको रकम समेत असुल उपर गरिनेछ ।

## ४ (ख) . योजना प्रस्ताव पेश गर्ने र स्वीकृत गर्नेः

४ (**ख**) १ गाउँ सभाबाट स्वीकृत भैसकेका योजनाहरु कार्यान्वयन गर्न त्यस योजनाबाट प्रत्यक्ष लाभन्वित हुने समुदायले आपसी भेला एवं छलफलद्वारा योजना संचालन सम्बन्धी प्रस्ताव तयार गरी गाउँपालिका/वडा कार्यलय समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरी गाउँपालिकाले योजना कार्यान्वयनको प्रक्रिया अगाडि बढाउँछ ।

४ (**ख**) २ योजना संचालन गर्न प्रस्ताव पेश गर्ने उपभोक्ता समितिहरुले पौष मसान्तभित्र प्रस्ताव पेश गरी सक्नु पर्नेछ भने गाउँपालिकाले माघ मसान्तभित्र प्रस्ताव स्वीकृत गरी योजना सम्झौता गरिसक्नेछ । यसरी सम्झौता भएका योजनाहरुको कार्यन्वयन बैशाख मसान्तसम्म सम्पन्न गरी फरफारकका लागि पेश गर्नु पर्नेछ ।

४ (**ख**) ३. योजना प्रस्ताव तयार गर्दा विषयगत कार्यालय, संघ संस्था तथा अन्य कार्यक्रमसँगको साझेदारीमा पनि गर्न सकिनेछ । यसरी कार्यक्रम संचालन गरिने भए प्रत्येक निकाय संस्था वा कार्यक्रमबाट व्यहोरिने लागत समेत प्रस्तावमा खुलाउनु पर्नेछ ।

४ (**ख**) ४. उपभोक्ता समितिले योजना कार्यान्व्यन कहिले र क-कस्को जिम्मेवारीमा गर्ने हो भन्ने कुरा समेत उल्लेख गरी त्यसको कार्यतालिका आफ्नो प्रस्तावमा समावेश गर्नुपर्नेछ ।

४ (**ख**) ५. योजनाको प्रस्ताव तयार गर्न जनशक्ति आवश्यक पर्ने भएमा गाउँपालिका/वडा कार्यालयले प्राविधिक जनशक्ति उपलब्ध गराउन सक्नेछ ।

**४ (ख)** ६. योजना प्रस्ताव ३ प्रति तयार गर्नु पर्नेछ। योजना स्वीकृत भएपछि स्वीकृत भएको व्यहोरा जनाइ एक प्रति सम्बन्धित उपभोक्ता समिति वा प्रस्ताव पेश गर्ने निकाय, एक प्रति गाउँपालिका/वडा कार्यालय र एक प्रति आर्थिक प्रशासन शाखामा राख्नु पर्नेछ।

**४ (ख) ७ .**योजना स्वीकृत भएपछि गाउपालिका कार्यालय मार्फत् सम्बन्धित उपभोक्ता समिति संग योजना कार्यन्व्यन सम्बन्धी सम्झौता गरिनेछ।

## परिच्छेद - २

५. **अनुदान र रकम विनियोजनका क्षेत्रहरू** अनुदानका प्रकार : गाउँपालिकामा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछन् :-

(१) वित्तिय सामान्यिकरण तथा राजश्व बाँडफाँडबाट प्राप्त रकम

(क) नेपाल सरकारबाट यस गाउपालिकामा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदान र स्थानीय कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च,

(ख) क्षमता विकास खर्च,

(ग) साािजक परिचालन खर्च,

घ) पूर्वाधार खर्च।

**(२) सशर्त अनुदान**

क) विषयगत कार्यालयको सरकारबाट गाउँपालिकामा खटिएका निजामती कर्मचारी, मन्त्रालयल स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च।

(ख) कार्यक्रम सञ्चालन खर्च

(क) वित्तिय समानिकरणमा समपुरक कोषको रकम छुट्याएर सम्वन्धित मन्त्रालयसँग कार्यक्रम वा योजना सञ्चालन गरिनेछ ।

(६) **प्रदेश सरकार अनुदान** प्रदेश सरकारवाट गाउँपालिकालाई दिइने वित्तिय सामान्यिकरण, शसर्त तथा अन्य अनुदान रकम तोकिए बमोजिमका शिर्षकहरुमा तथा नतोकिएको अवस्थामा गाउँपालिकाले आवस्यकता अनुसारका क्षेत्रहरुमा खर्च गर्न सक्ने छ ।

(७) **विशेष कोष :**

(क) विशेष परिस्थितिमा अत्यावश्यक क्षेत्रमा आवश्यकता अनुसार यस कोषको रकम खर्च गरिनेछ ।

८। **कन्टेजेन्सी रकम** : यस गाउँपालिका मा संचालीत योजनाहरुको ३ प्रतिशतले कट्टा गरिएको रकम ।

## परिच्छेद - ३

६. आयोजना तथा कार्यक्रम सञ्चालन एवम व्यवस्थापन र कार्यान्वयन प्रक्रिया :

**१. इन्द्रसरोवर गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ :-**

(क) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक कार्यविधि ऐन २०५५,आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक प्रशासन नियमावलीको परिच्छेद-५ बमोजिम वार्षिक खरिद योजना र वार्षिय कार्य सञ्चालन योजना गाउँ सभाबाट निर्णय भए अनुसार हुनेछन ।

(ग) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(घ) इन्द्रसरोवर गाउँपालिका वाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा प्रथम चौमासिक भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई सम्वन्धित वडा कार्यालयले जानकारी दिनुपर्नेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गरिसक्नु पर्नेछ ।

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शून्य अभियानको शुरूआत गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(ज) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मतसम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(झ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले इन्द्रसरोवर गाउँपालिकावाट प्राप्त गर्ने रकम बैङ्क खाता खोली सञ्चालन गर्नु पर्नेछ । बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्र बैङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरूको अनुरोधमा गाउँपालिकाले खरिद व्यवस्था गर्न सक्नेछ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा सम्वन्धित वडाका वडा अध्यक्षले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ठ) यस गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी आर्थीक शाखावाट हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति,संस्था, निकाय वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिइ वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) गाउँपालिकाको **पाँच लाख** रूपैयाँभन्दा माथिका आयोजनाको योजना खाता, सम्वन्धित आयोजना स्थलमा सूचनापाटी राख्नु पर्नेछ ।

(त) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजना स्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रूपैयाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

**२. आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्था:**

(क) गाउँपालिकाले आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन गाउँपालिकाको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

(ख) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा स्थानीय गाउ दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले वुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरू नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

(ग) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

घ) लागत अनुमानको परीक्षण र स्वीकृति आर्थिक प्रशासन नियमावली बमोजिम गर्नुपर्नेछ ।

**७. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :**

**७.१ उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ ।**

क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै पाच देखि एघार (५ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

ग) गाउँपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले

तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका

परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

ट) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

७.२ **उपभोक्ता समितिका सदस्यको योग्यताः** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

९क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

९ख) १८ वर्ष उमेर पुरा भएको

९ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

९घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

९ङ) अन्य उपभोक्ता समितिमा सदस्यन रहेको

९२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

**७.३. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकारः** उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

७. ४ **आयोजना कार्यान्वयनः** (१) कार्यालयले आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान र छनौट

गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यलयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

३) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ ।

७.५ **<u>आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः</u>**

(१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ

क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि

ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि

ग) आयोजनाको लागत अनुमान विवरण

घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय

ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका ।

च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

७.६. **उपभोक्ता समितिको क्षमता विकासः** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ

क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान

ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण

घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन

ङ) कार्यान्वयन र अनुगमन प्रकृया

च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

छ) अन्य आवश्यक विषयहरु ।

७.७ **खाता सञ्चालनः** (१) उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

७.८ **भुक्तानी प्रकृयाः** (१) आयोजनाको भुक्तानी दिंदा उपभोक्ता समितिको नाममा रहेको बैक खाता मार्फत दिनु पर्नेछ । उपभोक्ता समितिले एक व्यक्ति वा सस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

२) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईनेछ ।

३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ

५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

७) आयोजनाको कुल लागत रु ३ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ

८) उपभोक्ता समितिलाई सम्बन्धित कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक

सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ । आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर, ड्रइङ्ग, डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य कार्यालयबाट नै हुनेछ ।

९) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

१०) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

११) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त

बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ ।

७.८ <u>**निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्ने:**</u> उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

९घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि

कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

९ङ) लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

**७.९ अनुगमन समितिको व्यवस्थाः** (१) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा तनि जना देखी पाच जना सम्मको अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(२) खण्ड (१) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्तासमितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्फौता

हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गरिनेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(३) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा इन्द्रसरोवर गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई इन्द्रसरोवर गाउँपालिकामा सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(४) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(५) गाउँपालिकाको कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

(६) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित गाउँपालिकामा उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिका संग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

७. योजनाको जाचपास तथा फरफारकको निर्णय योजना अनुगमन तथा सुपरिवेक्षण समितिले प्राविधिक शाखा वाट योजनाको मुल्याङकन भएपछी गर्ने छ ।

७.१० **अन्य संस्थाबाट कार्य गराउन सकिनेः** यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह, सामुदायिक संस्था जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य संचालन गर्न र गराउन सकिने छ ।

७.११ **सहजिकरण र सहयोग गर्नु पर्नेः** उपभोक्ता समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमन र निरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजिकरण र सहयोग गर्नु पर्नेछ ।

७.१२ **उपभोक्ता समितिको दायित्वः** उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नुपर्नेछ ।

क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची ६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७.१३ **मापदण्ड बनाउन सक्नेः** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

८. **सार्वजनिक निजी सामुदायिक सहकारी (पिपिसिसि) :**

**क) सार्बजनिक निजि सामुदायिक सहकारीका लागि देहाय बमोजिमका कुराहरु अनिवार्य पालना गर्नुपर्नेछ,**

(१) इन्द्रसरोवर गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) इन्द्रसरोवर गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

**ख) ठेक्कापट्टा सम्बन्धी व्यवस्था :** उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको गाउँपालिकाको प्रचलित कानूनको प्रक्रिया पुर्‍याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

ग) सडक निर्माण सम्बन्धी विशेष व्यवस्था : (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आय आर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि ( लघु उद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित ( कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२)गाउँपालिकाले नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा गुरूयोजनाको प्राथमिकतामा परेको सडकमा मात्र नयाँ ट्र्याक खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दु देखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ ।

(३) गाउँपालिकाको आफ्नो क्षेत्रभित्र आफु लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्सांकन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नेछ ।

(४) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा गाउँपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माण सम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन ।

(५) सडक निर्माण सम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ । सडकको मापदण्ड न्युनतम ७ मिटर हुनुपर्नेछ ।

९. **आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :** (१) एक करोड रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ५४ को खण्ड (ग) बमोजिमको मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

१०. **जनसहभागिता एवम् लागत सहभागिता :** (१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु टोलवासीहरुको कर्तव्य हुनेछ ।

(२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

११. **कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :** इन्द्रसरोवर गाउँपालिकाको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नु पर्ने छ ।

१. चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती पहिलो चौमासिक भित्र ।
२. वार्षिक कार्यतालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश (वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र)
३. आयोजना सम्पन्न गर्ने अवधि (ज्येष्ठ मसान्तभित्र)
४. जाँचपास र फरफारक (आयोजना सम्पन्न भएको ३० दिनभित्र )
५. आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँ सभाबाट पारित गर्ने ।

१२. **कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने :** इन्द्रसरोवर गाउँपालिकावाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, एवम् सबै सरकारी एवम् गैरसरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नसक्नेछ ।

## परिच्छेद - ५
## अनुगमन एवम् मूल्याङ्कन

१३. **(१) अनुगमन तथा मुल्याङकन समिति :** यस गाउँपालिका वाट संचालति योजनाहरुको अनुगमन ,सुपरीवेक्षण तथा मुल्याङकनको लागी गाउपालीका स्तरीय तपसलि वमोजीमको अनुगमन तथा सुपरिवेक्षण समिति वनाइने छ ।

तपसिल

गाउपालिका अध्यक्ष : संरक्षक गाउपालिका उपाध्यक्ष :

संयोजक प्रमुख प्रशासकिय अधिकृत : सदस्य

लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारी : सदस्य

प्राविधिक प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी : सदस्य

सम्वन्धिक वडाको योजनाको हकमा सम्वन्धीत

वडाको वडा अधयक्ष : सदस्य

योजना शाखा प्रमुख : सदस्य सचिव

(२) सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रम प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन प्रदेशको सम्बन्धीत मन्त्रालयमा पठाउने ।

(३) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा स्थानीय तहका प्रमुख समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदन माथि स्थानीय तहको बैठकमा छलफल गर्नुपर्नेछ ।

(४) इन्द्रसरोवर गाउँपालिकाले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ ।

(५) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा तिन सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमन सम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(६) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, सुत्केरी भत्ता वितरण बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ।

(७) अनुगमन सम्बन्धी अन्य व्यवस्था कार्यपालिका बैठक वा गाउँ सभाबाट तोकिए बमोजिम हुनेछ ।

(८) इन्द्रसरोवर गाउँपालिकाको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

**१३.** **(३) वडास्तरीय अनुगमन समिति** आफ्नो वडा भित्र सचालित योजनाको लागत, परिमाण,समय सिमा र गुणस्तरीयताका आधारमा अनुगमन गरि आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

सम्वन्धित वडाको वडाअध्यक्ष संयोजक

वडा सदस्यहरु सवै सदस्य

वडा सचिव सदस्य सचिव

**१४.** **अनुगमन सम्बन्धी थप व्यवस्था :** (१) इन्द्रसरोवर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउ सभामा छलफल गराई सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) इन्द्रसरोवर गाउँपालिकाको क्षेत्रभित्र सञ्चालित कार्यक्रम तथा बजेको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, **लैंगिक पक्ष** तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षेण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा “स्थानिय निकाय लङ्गिक उत्तरदायी तथा सामाजिक वजेट एवम् परीक्षण निर्देशिका, २०६८” बमोजिम गर्नुपर्नेछ ।

**१५. आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्था :** (१) जाचपास तथा फरफारक समिति : यस गाउँपालिका वाट संचालति कार्यकमहरुको जाचपास तथा फरफारकको लागी गाउँपालिका स्तरीय तपसलि वमोजीमको जाचपास तथा फरफारका समिति वनाइने छ ।

संयोजक : गाउँपालिका अध्यक्ष
सदस्य : प्रमुख प्रशासकिय अधिकृत
सदस्य : प्राविधिक प्रमुख
सदस्य : लेखा प्रमुख
सदस्य सचिव : योजना शाखा प्रमुख

(२) गाउँपालिकाले योजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार योजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मुल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलपको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनका आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नेछ ।

(३) गाउँपालिकाको योजना जाँचपास भएपछि फरफारक गरिदिनेछ । फरफारक भएका योजनाहरु कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) इन्द्रसरोवर गाउँपालिकाका विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित तहबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(५) आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरूका गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(६) जाचँपास तथा फरफारक भई भुक्तानी भएका योजनाहरु स्वत उपभोक्ता समितिलाई हस्तान्तरण भएको मानिनेछ र सो योजनाको मर्मत सम्भार सो उपभोक्ता समिति स्वयमले नै गर्नु पर्ने छ ।

**१६. मूल्यांकन तथा पुरस्कारसम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरूको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा कार्यसम्पादन मूल्यांकन समेतको आधारमा तोके बमोजिम इन्द्रसरोवर गाउँ पालिकाको योजना अनुगमन तथा जाँचपास समितिले मुल्याङ्न गर्नेछ ।

(२) योजना अनुगमन तथा जाँचपास समितिले मुल्याङ्नले तोकेको मापदण्ड बमोजिम आफ्नो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था,गैर सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारीहरूलाई पुरस्कृत गर्न सक्नेछ ।

(३) योजना सम्झौता सम्वन्धि व्यवस्था, कार्यान्वयन सम्वन्धि प्रक्रिया साविककै हुनेछन् र यस सम्वन्धि नेपाल सरकार वा प्रदेश सरकारले कुनै थप निर्णय गरे सोही बमोजिम हुनेछ ।

**१७) विविध :**

यस कार्यबिधि स्वीकृत हुनुभन्दा अघि संचालन भएका योजनाहरुको फरफारक प्रचलित कानुन र यस कार्यबिधि अनुसार गरिने छ ।

अनुसूची १

उपभोक्ता समितिको लगत

**इन्द्रसरोवर गाउँपालिका**

आ.व.

| क्र. स. | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची १ (क)

इन्द्रसरोवर **गाउपालिका**

**जनसहभागितामा आधारित विकास कार्यक्रम योजना प्रस्तावको ढाँचा**

(क) योजना सम्बन्धी जानकारी

१. नाम
२. स्थान
३. विनियोजित रकम
४. लाभान्वित जनसंख्या :
महिला : पुरुष दलित
आदिवासी अपाङ्ग
५. योजनाको उद्देश्य
६. हालको भौतिक अवस्था :
७. लाभान्वित परिवार संख्या :

(ख) उपभोक्ता समिति सम्बन्धी विवरण :

१. गठन मिति :
२. गठन भएको रोहवर :
३. गठन हुँदा उपस्थित परिवार संख्या :
४. अध्यक्षको नाम :
५. सचिवको नाम :
६. भेला भएको स्थान :
७. उपभोक्ताहरुको भेलाको उपस्थिति र निर्णय : (संलग्न गर्नुपर्ने)
८. उपभोक्ता समितिमा महिलाको प्रतिशत :

(कम्तीमा ३३ प्रतिश हुनैपर्ने र अध्यक्ष/सचिव/कोषाध्यक्ष मध्ये कम्तीमा एक पदमा महिला अनिवार्य रुपमा हुनुपर्ने )

९. उपभोक्ता समितिमा उपभोक्ताहरु मध्येबाट दलित, आदिवासी/जनजातिको प्रतिनिधित्व स्थिति

**ग) योजनाको आर्थिक पक्ष :**

१. कुल लागत : २. निर्माण सामग्री मूल्य

क) जिल्ला बाहिरबाट खरिद हुन

| सि.नं. | किसिम | मुल्य रु. | कैफियत |
|---|---|---|---|
| | | | |

ख) स्थानीय निर्माण सामग्री

| सि.नं. | किसिम | मुल्य रु. | कैफियत |
|---|---|---|---|
| | | | |

३. ज्याला : क) दक्ष ख) अदक्ष ४. ढुवानी भाडा :

५. अन्य :

**(घ) खर्च व्यवहोरिने स्रोत**

१. लाभान्वित उपभोक्ताबाट :
कूल लागतका ................ प्रतिशतको रु. ..........
२. गाउँपालिकाबाट :
कूल लागतको ................ प्रतिशतको रु. ..........
३. संघीय सरकराबाट :
कूल लागतको ................ प्रतिशतको रु. .........
४. अन्य निकाय भए नाम र रकम खुलाउने :

**(ङ) योजनासम्बन्धी कारवाही :**

अध्यक्ष सचिव

२. प्रस्ताव अध्ययन गरी सिफारिस गर्ने प्राविधिकको राय :

(च) योजना कार्यान्वयन कार्यतालिका

| गतिविधि | समय तालिका | जिम्मेवारी निकाय |
|---|---|---|
| | | |
| | | |

३. गाउँपालिकाबाट प्रस्ताव स्वीकृति मिति र निर्णय नं. :

**अनुसूची २**

## कार्यविधिको दफा ७(२) सँग सम्वन्धित)

इन्द्रसरोवर गाउँपालिका

**योजना सम्झौता फाराम**

१. सम्झौता गर्ने पक्ष र आयोजनाः

क) उपभोक्तासमितिको विवरणः

१. नामः

२. ठेगानाः

ख) आयोजनाको विवरणः

१. नामः

२. आयोजना स्थलः

३ उद्देश्यः

४. आयोजना सुरु हुने मितिः

२. आयोजनाको लागत सम्वन्धि विवरणः

क) लागत अनुमान रु

ख) लागत व्यहोर्ने स्रोतहरु

१. कार्यालयः

२. उपभोक्ता समितिः

३. अन्यः

ग) बस्तुगत अनुदानको विवरण सामाग्रीको नाम एकाई

१. संघबाट

२. प्रदेशबाट

३. स्थानीय तहबाट

४. गैह्रसरकारी संघसंस्थाबाट

५. विदेशी दातृ संघ संस्थाबाट

६. उपभोक्ता समितिबाट

७. अन्य निकायबाट

घ) आयोजनाबाट लाभान्वित हुनेः

१. घरपरिवार संख्याः

२. जनसंख्याः

३. संगठित संस्थाः

४. अन्यः

३. उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैह्रसरकारी संस्थाको विवरणः

क) गठन भएको मितिः

ख) पदाधिकारीको नाम र ठेगाना (नागरिकता प्रमाणपत्र नं. र जिल्ला)

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सचिव

५. सदस्य

६. सदस्य

७. सदस्य

ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्याः

४. आयोजना सञ्चालन सम्वन्धि अनुभवः

५. उपभोक्ता समिति समुदायमा आधारित संस्था/गैहसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरणः

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण समाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

६. आयोजना मर्मत संभार सम्बन्धी व्यवस्था

क) आयोजना मर्मत संभारको जिम्मा लिने समिति/संस्थाको नामः

ख) मर्मत सम्भारको सम्भावित स्रोत (छ छैन खुलाउने)

- ☐ जनश्रमदानः
- ☐ सेवा शुल्कः
- ☐ दस्तुर, चन्दाबाट
- ☐ अन्य केही भएः

## सम्झौताका शर्तहरु

**उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

१. आयोजना मिति ..............................देखि शुरु गरी मिति.......................सम्ममा पुरा गर्नु पर्नेछ ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्धेश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

४. आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ ।

५. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

६. उपभोक्ता समितिले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।

७. उपभोक्ता समितिले आयोजनासंग सम्वन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति/समुहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको विल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

९. मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त विलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।- भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

१०. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा कर एबम् बहाल कर तिर्नु पर्नेछ ।

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ ।

१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति र कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अुनमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समुहनै जिम्मेवार हुनेछ ।

१३. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

१४. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, प्रमाणित विल भरपाई, योजनाको फोटो, सम्वन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपी तथा सम्वन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

१५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्नेछ । साथै आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ ।

१६. आयोजना कार्यान्वयन गर्ने समुह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन अनुसूची ६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ ।

१७. आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ ।

१८. आयोजनाको सवै काम उपभोक्ता समिति/समुहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

**कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

१. आयोजनाको वजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलव्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ ।

३. आयोजनाको प्राविधिक सुपरिवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाईनेछ । उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

४. पेश्की लिएर लामो समयसम्म आयोजना संचालन नगर्ने उपभोक्ता समितिलाई कार्यालयले नियम अनुसार कारवाही गर्नेछ ।

५. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसंग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मुल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँच पास गरी फरफारक गर्नु पर्नेछ ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलव्ध गराउन सम्वन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिनु पर्नेछ ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| <u>उपभोक्ता समिति/समुहको तर्फबाट</u> | <u>कार्यालयको तर्फबाट</u> |
|---|---|
| दस्तखत.................. | दस्तखत............ |
| नाम थर.................... | नाम थर............ |
| पद......................... | पद................ |
| ठेगाना..................... | ठेगाना................. |
| सम्पर्क नं.................... | सम्पर्क नं............... |
| मिति......................... | मिति.................... |

## अनुसूची ३

(कार्यविधिको दफा ११ (५) सँग सम्वन्धित)

सार्वजनिक परीक्षण फारामको ढाँचा पेश गरेको कार्यालय..........

१. आयोजनाको नामः

क) स्थलः

ख) लागत अनुमानः

ग) आयोजना शुरू हुने मितिः

घ) आयोजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको

क) नामः

क) अध्यक्षको नामः

ख) सदस्य संख्याः महिलाः पुरूषः

३. आम्दानी खर्चको विवरणः

**क) आम्दानीतर्फ जम्माः**

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) रकम वा परिमाण कैफियत | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

**ख) खर्चतर्फ**

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामाग्री (के के सामाग्री खरिद भयो ?) | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |

**ग) मौज्दात**

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १ नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २ सामग्रीहरु | | |

**घ) भुक्तानी दिन बाँकी**

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू) ।

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)

उपस्थितिः

१

२

३

रोहवरः

नामथरः

पदः

मितिः

द्रष्टव्यः सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

**अनुसूची ४**

(कार्यविधिको दफा ११ (६) सँग सम्वन्धित)

खर्च सार्वजनिक सूचना फाराम

**मितिः २० । । .**

**१. आयोजनाको नामः–**

**२. आयोजना स्थलः–**

**३. विनियोजित वजेटः–**

**४. आयोजना स्विकृत भएको आ.वः–**

**५. आयोजना सम्झौता भएको मितिः–**

**६. काम सम्पन्न गर्नु पर्ने मितिः–**

**७. काम सम्पन्न भएको मितिः–**

**८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मितिः–**

**आम्दानी र खर्चको विवरण**

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| **विवरण** | **रकम रू** | **विवरण** | **रकम** |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामाग्री खरिद | |
| तेश्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ । साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

उपभोक्ता समितिको
अध्यक्ष/सदस्य

उपभोक्ता समितिको
सचिव/अध्यक्ष

## अनुसूची ५

(कार्यविधिको दफा ११(७) संग सम्वन्धित)

आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नामः

२. आयोजना संचालन गर्ने कार्यालय र कार्यक्रमको नामः

३. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं.:

४. आयोजनाको कुल लागत रकम रुः

 ४.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रुः

 ४.२. जनसहभागिता
 बाट व्यहोर्ने लागत रकम रुः

 ४.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रुः

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न गर्ने मितिः

७. आयोजनाबाट लाभान्वित जनसंख्याः

## अनुसूची ६

(कार्यविधिको दफा १६(ङ) सँग सम्वन्धित)

उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

विवरण पेश गरेको कार्यालय...................

१. आयोजनाको विवरण

आयोजनाको नामः वडा नं.: टोल/बस्तीः उपभोक्ता समितिका अध्यक्षः सचिवः

२. आयोजनाको लागतः

प्राप्त अनुदान रकम रू. ............................

चन्दा रकम रू......................

जनसहभागिता रकम रू. ..............

जम्मा रकम रू. .............................

३. हालसम्मको खर्च रू. ..............

क. कार्यालयबाट प्राप्त रकम रू............

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रू. .

२. ज्यालाः-

दक्ष रूः- अदक्ष रू. जम्मा रू.

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रू.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रू.

५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रू.

६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रूः .................. श्रमको मूल्य बराबर रकम रू. .......................

जिन्सी सामान मूल्य बराबर

रकम रू. .............

कूल जम्मा रू. .............

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू. .............

५. उपभोक्ता समुहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रू. .............

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः क. ख. ग.

७. समाधानका उपायहरू

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

९. हाल माग गरेको किस्ता रकम रू.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| ...... | ....... | ......... | ........ |
|---|---|---|---|
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

आज्ञाले
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको कार्यक्रम तथा योजना संचालन कार्यान्वयन र फरफारक कार्यविधि, २०७५ मुल्य २०